अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ , संख्याः १६, गोरखा, कात्तिक ०२ गते २०८२ साल

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले घुम्ती गोठ तथा खर्क व्यबस्थापन कार्यक्रम कार्यविधि-२०८२ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिका

## घुम्ती गोठ तथा खर्क व्यबस्थापन कार्यक्रम कार्यविधि-२०८२

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८२

# घुम्ती गोठ तथा खर्क व्यबस्थापन कार्यक्रम कार्यविधि-२०८२

अजिरकोट गाँउपालिका पशुपालनको लागि अति उपयुक्त स्थान मानिन्छ।यहाँका अधिकांश जनसंख्या कृषक रहेको र पशुपालन व्यवसाय गर्दै आएकोले गाईभैंसी तथा भेडा बाखा पालन गरी दुध,घ्यु,मासुजन्य पदार्थ उत्पादन गर्ने उद्देश्य र पशुपंक्षी उत्पादन र उत्पादकत्व वृद्धि गरी आयत प्रतिस्थापन गरी निर्यात प्रवर्दन गर्दै आत्मनिर्भरता हासिल गर्ने हेतुले अजिरकोट गाँउपालिकाको उच्च पहाडी भेगमा अवस्थित चरन खर्कहरुले अधिकतम उपयोग गर्ने उद्देश्यकासाथ घुम्ती गोठ प्रणाली द्वारा पालिदै आएका पशुपालन व्यवसायलाई थप प्रभाबकारी ढंगले संचालन गर्न घुम्ती गोठ निर्माणका लागि अनुदानको माध्यमबाट अजिरकोट गाँउपालिकालाई दुध, मासु र ऊनको लागि आत्मनिर्भर बनाउन स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी अजिरकोट गाँउपालकिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम घम्ती गोठ तथा खर्क व्यबस्थापन कार्यक्रम कार्यविधि-२०८२ रहेको छ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागु हुने छ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) गाउँपालिकाः भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ।

ख) अध्यक्षः भन्नाले अजिरकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ग) उपाध्यक्षः भन्नाले अजिरकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

घ) प्रमुख प्रशासकीय अधिकृतःभन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ बमोजिमको अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ङ) कार्यपालिकाः भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ।

च) आर्थिक विकास समितिको संयोजकः भन्नाले गाउँपालिकाको विषयक्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको संयोजक सम्झनु पर्दछ।

छ) पशु सेवा शाखाः भन्नाले अजिरकोट गाउँपालिका अन्तर्गतको पशु सेवा शाखा सम्झनु पर्दछ।

ज) वडाः भन्नाले अजिरकोट गाउँपालिकाका सबै वडाहरूलाई सम्झनु पर्दछ।

झ) लक्षित बर्ग भन्नाले उच्च भेगमा पशुपालन पालन गरी दुग्ध तथा मासुजन्य व्यवसायमा संलग्न कृषक समूह,समिति तथा फर्मलाई सम्झनु पर्दछ।

ञ) साझेदारी अनुदान रकम भन्नाले घम्ती गोठ निर्माणका लागि आवश्यक सामाग्री जस्तै जस्ता,पाईप,सिमेन्ट,बालुवा,गिटि,ढुंगा खरिद तथा ढुवानी, स्थानीय चरन खर्कमा भएका स्थानीय तथा उन्नत जातका घाँस प्रवर्द्धनका लागि बीउ,मलको व्यवस्थापन ,उन उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामाग्री आदिको लागि प्रदान गरिने रकमलाई सम्झनु पर्दछ।

ट) कार्यविधिः भन्नाले घम्ती गोठ तथा खर्क व्यबस्थापन कार्यक्रम कार्यविधि-२०८२ लाई सम्झनु पर्दछ।

## परिच्छेद-२

### ३.उद्देश्य

३.१. गाईभैंसी तथा भेडाबाख्रा पालनको माध्यमबाट रोजगारी सिर्जना गरी अजिरकोट गाँउपालिकालाई दुध तथा मासुमा आत्मनिर्भर बनाउन फर्म,कृषक समूह र समिति मार्फत कार्यक्रम संचालन गरिने र स्थानीय पशुको स्रोत केन्द्र स्थापना गराउने।

३.२. सामुदायिक वन,चरनक्षेत्र तथा निजि बाँझो उत्पादनहिन जमिनलाई चरन क्षेत्रको रुपमा प्रयोगमा ल्याई कृषकको जीवनस्तरमा सुधार गरी आर्थिक विकासमा टेवा पुर्याउने।

३.३.दुध र मासुको केन्द्रको स्थापना गरी ग्रामीण क्षेत्रमा उत्पादित मासु तथा दुधजन्य पदार्थलाई बजारको सुनिश्चितता तथा शहरी क्षेत्रमा नगद प्रवाह वृद्धि गर्ने।

३.४.परापुर्व कालदेखि पालिदै आएका स्थानीय रैथाने चौपायहरुको संरक्षण गर्ने।

३.५.क्रमिक रुपमा समूह/समिति मार्फत कार्यक्रम संचालन गर्ने।

४. अपेक्षित उपलब्धि तथा प्रतिफल

४.१. उच्च भेगका खर्कहरुमा घुम्ती गोठको माध्यमबाट पशुपालन व्यवसायलाई थप प्रोत्साहित गरी पशुपालनमा वृद्धि भएको हुनेछ।

४.२. गाँउपालिका भित्र आवश्यकता अनुसार पशु संकलन केन्द्र स्थापना गरी दैनिक रुपमा भेडाबाख्रा तथा खसी,बोका निकासी गरी आम्दानी गरेको हुनेछ।

४.३. ५ वर्ष भित्रमा व्यवसायिक पशुपालक कृषकको संख्यामा ३० प्रतिशतले वृद्धि भएको हुनेछ।

४.४. क्रमिक रूपमा चरन खर्क सुधारका लागि उच्च चरन क्षेत्रकालागि उपयुक्त खालका घाँस विकास गरिएको हुनेछ।

## परिच्छेद-३

५. कार्यक्रम संचालन प्रक्रिया

क) यस कार्यक्रममा निजी फर्म, कृषक समूह र समितिरु सहभागी हुनेछन्। कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुले अनिवार्य रुपामा पशुपालन व्यवसाय संचालन गरेको हुनुपर्ने छ।

ख) घम्ती गोठ तथा खर्क व्यबस्थापन कार्यक्रम कार्यविधि-२०८२ अन्तर्गत अनुदान प्रदान गरिने कार्यक्रम संचालनका लागि अजिरकोट गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यलयले कार्यक्रम संचालन गर्नको लागि प्रथम पटक कम्तीमा १५ दिनको र द्रोश्रो पटक ७ दिन म्याद दिई अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना मार्फत प्रस्ताव आह्वान गर्नेछ। द्रोश्रो पटकको सूचना प्रकाशित हुँदा पनि प्रस्तावना पेश नभएमा कार्यक्रम हेरफेर गर्न सकिने छ।

ग) यो कार्यक्रम संचालन अजिरकोट गाँउपालिका अन्तर्गतका चरन खर्कहरूमा प्राथमिकताका आधारमा घुम्ती गोठ निर्माणका लागि आवश्यक पर्ने निर्माण सामाग्रीहरु जस्तै जस्ता-पाता,सिमेन्ट,ढुंगा,गिटि,बालुवा,ट्रस,पाईप,किल्ला-काटी, उन उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामाग्री ढुवानी तथा कामदारको ज्याला , तथा भेडी गोठलाई आवशयक पर्ने लजिस्टिक सामाग्री आदि कार्यका लागि अजिरकोट गाँउपालिकाबाट ६० प्रतिशत लागत साझेदारीमा संचालन हुने छ।

घ) कार्यक्रममा सहभागी हुन चाहाने आवेदकहरुले अनुसुची-२ बमोजिमको संक्षिप्त कार्योजना,अनुसुची-३ बमोजिमको निवेदन,अनुसुची-४ बमोजिमको आवश्यक कागजात संलग्न राखी निर्धारित समय भित्र वडा कार्यालय वा गाँउपालिकाको कार्यलयमा प्रस्ताव पेश गर्नुपर्ने छ।

ङ) सम्बन्धित कार्यालयको प्राप्त प्रस्तावहरू अनुसूची-५ बमोजिमको मुल्याङ्कन र प्राथमिकता गरी स्वीकृतका लागि सिफारिस तथा निर्णय गर्नेछ।

च) स्वीकृत प्रस्तावका आवेदकहरुसँग सम्बन्धित कार्यलयले अनुसूची-६ बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यक्रम संचालन गरिने छ।

छ) अनुगमन र प्रशासनिक कार्यमा विनियोजित रकमको बढिमा १० प्रतिशत मात्र खर्च गर्न सकिने छ।

ज) कार्यक्रम संचालनको लागि छनौट भएका कृषकहरुले अनिर्वाय रुपमा पशुपालन गरेको हुनुपर्ने छ, यदि पशुपालन व्यवसाय संचालन नगरेको कृषक

तथा कृषक समूह वा समितिबाट प्रस्ताव पेश भएको पाईएमा गाँउपालिकाबाट दिने सेवा सुविधा उपलब्ध गराउन सकिने छैन।

झ) एकै आर्थिक वर्षमा कृषकहरुलाई एकै शिर्षकमा दोहोरो हुने गरी अनुदान उपलब्ध गराईने छैन।

६. कार्यक्रम कार्यान्वयन एंव अनुगमन समिति

क) कार्यक्रम कार्यान्वयन समिति

| | |
|---|---|
| संयोजक | आर्थिक विकास समिति संयोजक |
| सदस्य | लेखा शाखा प्रमुख वा निजले तोकेको कर्मचारी |
| सदस्य | प्रशासन शाखा प्रमुख वा निजले तोकेको कर्मचारी |
| सदस्य | कृषि शाखा प्रमुख वा निजले तोकेको कर्मचारी |
| सदस्य सचिव | पशु सेवा शाखा प्रमुख |

ख) अनुगमन समितिः

वडा स्तरीय अनुगमन समिति।

पालिकास्तरीय अनुगमन समिति(दुवै समितिले अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ)।

७. रकम भुक्तानी प्रक्रियाः

अनुदानग्राहीहरुले मापदण्ड अनुसारको कार्यक्रम सम्पन्न गरिसकेपछि भुक्तानी लागि प्रचलित कानून अनुसारका बिल भर्पाई संलग्न राखि सम्बन्धित वडा कार्यलयको सिफारिस र अनुगमन समितिले सम्झौता बमोजिमको कार्यक्रम सम्पन्न भई अनुमोदन गरिसकेपछि भुक्तानीको लागि सिफारिस गरे पश्चात मात्र भुक्तानी दिईने छ।

८. दोहोरो सुविधा लिन पाउनेः

संघ,प्रदेश र स्थानीय तह तथा गैरसरकारी संस्था अन्तर्गत संचालित कार्यक्रममा अनुदान प्राप्त गरेका लाभग्राहीलाई एकै प्रकृतिको कामको लागि यस कार्यविधि अन्तर्गत संचालित कार्यक्रमबाट एक आ.व.मा एक भन्दा बढि निकायबाट अनुदान उपलब्ध गराईने छैन।

## अनुसूची-१

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति

यस कार्यलयको आ.व...............................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक कृषक समूह/समिति/निजी फर्महरूले यो सूचना प्रकाशित भएको मितिले ......औं दिनसम्म कार्यलय समय भित्र यस कार्यलयमा प्रस्ताव पेश गर्नहुन आह्वान गरिन्छ। साथै रीत नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

अनुसूची-२

संक्षिप्त कार्ययोजना

१) आवेदकको विवरण

आवेदकको नामः

ठेगानाः

सम्पर्क व्यक्तिको नामः

ठेगानाः

सम्पर्क नम्बरः

दर्ता भएको निकाय र मितिः

२) हालको व्यवसायिक संलग्नता

हाल संलग्न व्यवसायको नामः

सञ्चालित क्रियाकलापहरू

१)

२)

३)

४)

५)

| | |
|---|---|
| मुख्य उत्पादन र कारोबार विवरण | |
| हाल उत्पादन गरिएका वस्तुहरु | |

| | |
|---|---|
| वार्षिक परिमाण र कारोबार रकम | |
| रोजगारी संख्या | |
| प्रस्तावित व्यवसायको विवरण | |
| सञ्चालन गरिने व्यवसाय | |
| सञ्चालन गरिने क्रियाकलापहरु | |
| इकाई | |
| परिमाण | |
| कुल लागत | |
| लागत साझेदारी विवरण | |
| आवेदकले व्यहोर्ने रकम रू | |
| अनुदान रकम रू | |
| जम्मा | |

३) प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हासिल हुने अपेक्षित उपलब्धिहरू:

क)

ख)

ग)

अनुसूची-३

निवेदनको ढाँचा

श्रीमान् पशु सेवा शाखा प्रमुख ज्यु,
अजिरकोट गाउँपालिका,
भच्चेक,गोरखा।

विषयः प्रस्ताव पेश गरिएको बारे।

अजिरकोट गाउँपालिकाको मिति.......................................को सूचना अनुसार घुम्ती गोठ तथा खर्क व्यबस्थापन कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्ताव आह्वान गरिएको हुँदा यसै अजिरकोट गाउँपालिका वडा नं...........मा सञ्चालित...........................................................................फर्म/कृषक समूह/समितिलाई उक्त कार्यक्रममा समावेश गरिदिनुहुन विनम्र अनुरोधका साथ कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई प्रस्तावित कार्ययोजना र आवश्यक कागजातहरू संलग्न राखी यो निवेदन पेश गरेको छु।कार्यक्रम सञ्चालनमा नियामानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्यसम्पन्न गर्ने प्रतिवद्धता समेत गर्दछु।

निवेदक
दस्तखतः
नामः
ठेगानाः
सम्पर्क न.

फर्मको छापः

अनुसूची-४

आवश्यक कागजातहरुको सूची

१) अनुसूची-२ अनुरुपको संक्षिप्त कार्ययोजना।

२) अनुसूची-३ बमोजिमको निवेदन।

३) निवेदकको नेपाली नागरिकताको प्रतिलिपि।

४) कृषक/पशुपालकहरू सामुहिक रूपमा बैठक बसि उपयुक्त स्थान छनौट गरिएको सहमतिपत्र।

५) कार्ययोजना अनुरुपको योग्यता,तालिम र अनुभव जनाउने कागजात।

६) स्थायी लेखा नम्बर ,गत आ.व.को करचुक्ता, दर्ता तथा नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।

७) कृषक समूह/समितिले कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि।

८) एकै प्रकृतिको कार्यका लागि विगत तीन वर्ष यता अनुदान नलिएको वडाको सिफारिस।

## अनुसूची-५

## प्रस्ताव मूल्याङकन फारम

| क्र.स. | विवरण | अङ्कभार |
|---|---|---|
| १ | आवश्यक कागजातहरुको संलग्नता | ६ |
| २ | लक्षित वर्ग,क्षेत्र र मापदण्डको अनुरूपको उपयुक्तता | १२ |
| ३ | प्रस्तावित कार्ययोजना अनुरूपको सामाजिक,भौगोलिक र वातावरणीय उपयुक्तता | १० |
| ४ | कार्ययोजना प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल | १५ |
| ५ | कार्ययोजनामा लागत साझेदारीको आँकलन | ७ |

जम्मा- ५०

अनुसूची-६

## द्विपक्षीय सम्झौता

आर्थिक वर्ष..............को विनियोजन रकम मार्फत प्राप्त अनुदानमा................................................................. कार्यक्रम सञ्चालन गर्न.......................................................................................(यसपछि प्रथम पक्ष भनिने) र .....................................................................(यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल बमोजिमका शर्तहरु परिपालना गरी कार्यक्रम गर्ने गरी यो द्विपक्षीय सम्झौता गरी दियौं/लियौं।

तपशिल

१. प्रथम पक्षले यस सम्झौता मुताविकको कार्यक्रम सञ्चालनका लागि रू...................................को मूल्यको ..................% वा बढीमा रु ........................(अक्षरूपी..............................................................मात्र) नियामानुसारको कर कट्टी गरी दोस्रो पक्षलाई अनुदान उपलब्ध गराउने छ।

२. दोस्रो पक्षले गोरखा जिल्ला, अजिरकोट गाँउपालिका वडा नं............को..................................स्थानमा यसै आर्थिक वर्षको................................सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष गरेको स्वीकृत संक्षिप्त कार्ययोजना मुताविकका सम्पूर्ण कार्यहरु प्राविधिक मापदण्डको अधिनमा रही सम्पन्न गर्नेछ।

४. दोस्रो पक्षले नियामानुसारको बिल, भर्पाई ,कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजातहरु सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात वडा समिति र प्राविधिकको स्थलगत अनुगमन प्रतिवेदनको आधारमा मानसिव ठहरे दोस्रो पक्षको बैंक खाता मार्फत कार्यक्रम सम्पन्न भए पश्चात एकमुष्ठ भुक्तानी गरिनेछ।

५. प्रथम पक्षले कुनै पनि बखत संञ्चालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह सुझाव प्रदान गर्न सक्नेछ।

६. दोस्रो पक्षबाट अनुदानको रकम दुरपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सिफारिस गर्न सक्ने छ।

७. यस सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यलयको नामः | फर्म/समूहको नामः |
| कार्यलयको छापः | फर्म/समूहको छापः |

| **रहोबर** | **रहोबर** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

**इति सम्वत .............साल ......महिना .......गते रोज शुभम्।**

आज्ञाले

रचना बुढाथोकी

प्रमुख प्रशासकीय अधिकृत